السفارة النيبالية
الدوحة - قطر

नेपाली राजदूतावास
EMBASSY OF NEPAL
Doha, Qatar

# प्रेष विज्ञप्ति

नेपाली राजदूतावास, दोहाले १९ औं गणतन्त्र दिवसको अवसरमा राजदूतावासको सभाहलमा आज एक कार्यक्रमको आयोजना गरेको छ। नेपालको राष्ट्रिय गान बजाएर सुरुवात गरिएको सो कार्यक्रममा कतारस्थित नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुसँगै गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्, नेपाली महिला संघ लगायत राजनैतिक तथा सामाजिक संघ संस्थाका अध्यक्ष/कार्यवाहक अध्यक्ष तथा प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।

कार्यक्रममा श्रम संस्कृति महा-अभियान, कतारका अध्यक्ष श्री शुक्र कुमार राई (सुवास), नेपाली जनप्रगतिशील मञ्च, कतारका कार्यवाहक अध्यक्ष श्री विकास गैरे, प्रवासी नेपाली एकता मञ्च, कतारका अध्यक्ष श्री मोहम्मद मुक्तदा मुसलमान, प्रवासी नेपाली मञ्च, कतारका अध्यक्ष श्री चुडामणि कार्की, नेपाली जनसम्पर्क समिति, कतारका अध्यक्ष श्री मोहम्मद अजिज अलि, प्रवास नेपाली सम्पर्क विभाग, कतारका कार्यवाहक अध्यक्ष श्री नियाम भुजेल र गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्, कतारका अध्यक्ष श्री कृष्ण पन्थीद्वारा गणतन्त्र दिवसको अवसरमा शुभकामना मन्तव्य राख्दै विदेशी भूमिमा रहेर मातृभूमिप्रतिको जिम्मेवारीलाई अझ सशक्त बनाउँदै अघि बढ्नुपर्ने र यसका लागि राजदूतावाससँग सहकार्य गर्नुपर्ने विचार व्यक्त गर्नुभयो।

कार्यक्रमको समापन गर्दै यस राजदूतावासका कार्यवाहक राजदूत श्री कुमार राईले गणतन्त्रको स्थापनामा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण शहीदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै जनतालाई अधिकारसम्पन्न बनाउनमा गणतन्त्रको महत्वपूर्ण भूमिका रहेको र नेपालको आर्थिक समृद्धिको लागि विदेशमा आर्जन गरिएको ज्ञान र धनको अहम् भूमिका रहने हुँदा कतारवासी नेपाली समुदायलाई मातृभूमिको विकासमा थप योगदान पुर्याउन अनुरोध गर्दै कार्यक्रममा उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो। राजदूतावासका द्वितीय सचिव सुश्री स्मारीका सुवेदीद्वारा सञ्चालन गरिएको उक्त कार्यक्रममा कतारमा बसोबास गर्ने नेपालीहरु तथा राजदूतावासका कर्मचारीहरुको उपस्थिति रहेको थियो।

**नेपाली राजदूतावास**
**दोहा, कतार**
**२०८३ जेठ १५**

नेपाली राजदूतावास
दोहा

Phone: +974 44675681/83, Fax: +974 44675680, PO.Box No. 23002, Doha, Qatar
Website: www.qa.nepalembassy.gov.np, E-mail: eondoha@mofa.gov.np